# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बांके, प्रदेश नं. ५, नेपाल

# दरखास्त आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति २०७७/०४/३२**

यस नेपालगञ्ज उप-महानगरपालिकामा आ.व.२०७७/०७८ का लागि देहायको पद, संख्या र योग्यता भएका कर्मचारी करारमा नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा राजश्व तिरेको सक्कल रसिद सहित रित पुर्वक दरखास्त फाराम भरी बुझाउँनहुन यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १. | १/०७७/०७८ | रोजगार संयोजक | छैठौं तह | १ (एक) जना | १०००/- (एक हजार मात्र) |
| २. | २/०७७/०७८ | प्राविधिक सहायक | पाँचौ तह | १ (एक) जना | १०००/- (एक हजार मात्र) |

**१. रोजगार संयोजक पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

क. स्नातक तह वा सो सरह उत्तिर्ण भएको ।
ख. उमेरः- कम्तीमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**२. प्राविधिक सहायक पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

क. सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको।
ख. अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको भनुभव भएको ।
- उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**३. छनौटको किसिम तथा सेवा सर्त र सुविधाः**

- प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परिक्षा ।
- पाठ्यक्रम, आवेदन फाराम, छनौट परिक्षा तथा सेवा सर्त र सुविधाः सम्वन्धित पदको मापदण्ड एवं कार्यविधि बमोजिम ।
- रोजगार संयोजकः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ ।
- प्राविधिक सहायकः युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७६।

**४. दरखास्त साथ बुझाउनुपर्ने आवश्यक कागजातहरुः**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (SLC वा सो सरह देखि माथि) ।
- तोकिए बमोजिक अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (प्राविधिक सहायकको लागि) ।
- स्थाई ठेगाना खुल्ने प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**५. सम्पर्क मितिः** दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट ।

६. थप जानकारीको लागि यस कार्यालयको वेवसाइटः http://nepalgunjmun.gov.np मा हेर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**